नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

बबरमहल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

*सूचना सार्वजनिक गरेको अवधिः- २०७८/१/०१ - २०७८/३/३१*

# बिषयसूची


१. केन्द्रको स्वरुप र प्रकृति 1

१.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण 1

१.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण: 2
१.२.२ जलबायु व्यवस्थापन शाखा 3
१.२.३ बजेट तथा कार्यक्रम शाखा 3
१.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा 4
१.२.५ आर्थिक प्रशासन शाखा 4

**२. केन्द्रबाट प्रदान गरिने सेवा 5**

*२.१ केन्द्रको नागरिक बडापत्र 5*

*२.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी 6*

**३. सम्पादन गरेको कामको विवरण 6**

*३.१ समग्र प्रगति 6*

*३.२ बार्षिक प्रगति (आर्थिक वर्ष २०७७/७८को श्रावण देखी असार मसान्त सम्म) 8*

**४. सूचना अधिकारी र प्रमुखको नाम 9**

**५. केन्द्रको बजेट सम्बन्धी विवरण 9**

**६. केन्द्रको चालु वर्षको हाल सम्मको प्रगति विवरण 9**

**७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण 10**

**अनुसुची १ २०७८ असार महिनाको खर्चको फाँटवारी 11**

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः- रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं ।**

## १. केन्द्रको स्वरुप र प्रकृति


नेपालमा रेडप्लसको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय अन्तरगत विभागस्तरको छुट्टै संरचनाको रुपमा रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ ।नेपाल सरकारले रेड कार्यान्वयन केन्द्र मार्फत आ.व. २०६६।६७ देखि रेडप्लस कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यस केन्द्रले हालसम्मको ११ बर्षको अवधिमा तयारी चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्वन र गैरकार्वन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ।

रेडसंग सम्बन्धित बहुसरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गराउनुको लागि उच्च तहमा वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीज्यूको अध्यक्षतामा सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना अायोगका सचिव र प्रदेशका वन हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु र वन ब्यवस्थापन सम्वन्धी संघ/संस्थाका प्रतिनिधिहरु सदस्य र रेड कार्यान्वयन केन्द्रको केन्द्र प्रमुख सदस्य सचिव रहने गरी एक बहुपक्षीय, बहुसरोकारवाला, उच्चस्तरीय संरचनाको रुपमा **राष्ट्रिय रेडप्लस निर्देशक समिति** रहेको छ । यस संरचनाको मुख्य उद्देश्यहरु रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ ।

दोस्रो तहमा वन तथा वातावरण मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा **राष्ट्रिय रेडप्लस समन्वय समिति** रहेको छ । यस समितिमा नेपाल सरकारको तर्फबाट १२ जना, नागरिक समाजको तर्फबाट कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना गरी जम्मा २१ जना सदस्यहरु रहेका छन् । यस समितिको मुख्य उद्देश्य रेड कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि राष्ट्रिय रेडप्लस रणनीति बमोजिम एकिकृत गर्न मद्दत गर्ने र रेडप्लस कार्यक्रमको अनुगमन गर्ने र यसको रचनात्मक उपाय निकाल्ने रहेको छ ।

## १.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रमा वजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सुचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरुको दरवन्दि रहेको छ । यसको कार्यालय बबरमहलको वन परिसरमा रहेको छ ।




चित्र नं १: रेड कार्यान्वयन केन्द्रको कार्य सम्बन्धित संस्थागत संरचना

#### १.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण:

- रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुऱ्याउने ।
- रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- वन क्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने ।
- रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने ।
- रेडप्लसमा सुरक्षा कवच (सेफगार्ड) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने ।

- राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।
- राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने ।
- रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने ।
- वन कार्वनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्वन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने ।

#### १.२.२ जलबायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकुलन सम्बन्धि आयोजना सोचपत्रहरु तयार गरी केन्द्र प्रमुखसमक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकुलन सम्बन्धि कार्यक्रमबारे सोचपत्र तयार गर्ने ।
- वनमा आधारित समानुकुलन कार्यक्रमको सम्पर्क विन्दुको रुपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमूना परिक्षणका रुपमा कार्यान्वयन भइरहेको समानुकुलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी सेमिनार आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

#### १.२.३ बजेट तथा कार्यक्रम शाखा

- रेडप्लस कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालिन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समयभित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण, आदिबारे कार्यक्रम स्वीकृत गराइ कार्यान्वयन गर्ने ।
- कार्यक्रम/आयोजनाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाइ पठाउनु पर्ने प्रगती विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Midterm Review, Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण), Emissions Reductions Program Idea Note ER-PIN (उत्सर्जन न्यूनीकरण कार्यक्रम अवधारणापत्र) र Readiness-Package (तयारी प्याकेज) तयार गर्ने कार्यमा सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- RPP कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवम् क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण) नमूना परिक्षणबाट प्राप्त भएका सिकाई र अभ्यासहरुको जानकारी/विवरण सङ्कलन गरी मस्यौदा तयार गर्ने ।
- रेडप्लस नमूना परिक्षण सम्बन्धि विवरण अध्यावधिक गरी वेभसाइट (Website)मा प्रविष्ट गर्न सहयोग गर्ने ।

- रेडप्लस सम्बन्धि प्रचार प्रसार सामाग्रीहरु तयारी तथा उत्पादन गर्न मस्यौदा तयार गर्ने तथा समन्वय गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरि सोको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरि पेश गर्ने ।
- राष्ट्रिय रेडप्लस केन्द्र र बहु सरोकारवालाहरुको बैठक/गोष्ठीको लागि आवश्यक तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण) सँग सम्बन्धित अध्ययन कार्य गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवम् विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेडप्लस कार्यान्वयनको लागि आवश्यक पर्ने कार्वन मापन, अनुगमन प्रतिवेदन तथा प्रमाणिकरणसँग सम्बन्धित विषयबस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भइ अभिलेख अद्यावधिक गर्ने ।
- कार्वन मापन र आकलन गर्ने सम्बन्धि सञ्चालित नमूना कार्यलाई राष्ट्रिय रेडप्लस केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययन कार्यमा सलग्न सेवा प्रदायकसँग फोकल व्यक्तिको रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गरी एकाइ प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयार सम्बन्धि नविनतम प्राबिधिक ज्ञानबारे अध्ययन/अनुसन्धान गरी सहकर्मी वीच आदान प्रदान गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.२.५ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- बेरुजुको लगत राखि फछ्यौंट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २. केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट निम्न सेवाहरु प्रदान गरिन्छ ।

- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यपारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा भएका दस्तावेजहरु उपलब्ध गराउने तथा सुझावहरु उपलब्ध गराउने तथा सोही बमोजिम व्यापारको लागि आवश्यक तयारीका लागि कार्य गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा उपलब्ध स्रोत अनुरुप सहयोग गर्ने ।
- माथि उल्लेखित कार्य विवरण अनुरुप कार्यहरु गरी सेवा प्रदान गर्ने ।

### २.१ केन्द्रको नागरिक बडापत्र

यस केन्द्रको नागरिक बडापत्र निम्नानुसार रहेको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**

**नागरिक वडापत्र**

| सि.नं. | सेवाको प्रकार | सेवा प्राप्त गर्दा पुर्याउनुपर्ने प्रकृया | सम्पर्क गर्नुपर्ने व्यक्ति तथा शाखा | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी वा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | रेड सम्वन्धी प्रचार प्रसार सामग्री वितरण | १. मौखिक तथा लिखित निवेदन<br>२. धेरै संख्यामा चाहिने भएमा संस्था वा कार्यालयको पत्र | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | नलाग्ने | उपलब्धता अनुसार तुरुन्तै | केन्द्र प्रमुख |
| २ | रेड कार्यक्रम सम्वन्धी जानकारी प्रदान | विषय अनुसारको शाखाहरूमा सम्पर्क राख्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्वन्धीत शाखा | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ३ | परामर्श खरिद सम्वन्धी जानकारीको लागि सेवा प्रवाह | रितपुर्वक निवेदन दिनुपर्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्वन्धीत शाखाहरु | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ४ | स्वीकृत प्रतिवेदनहरु आवश्यक भएमा | सम्वन्धीत शाखाहरुमा सम्पर्क तथा इमेल गर्न सकिने | सम्वन्धीत शाखाहरु | १० पेज भन्दा बढीको हकमा रु. ५ प्रति पेज | ३ दिन | केन्द्र प्रमुख |
| ५ | सुची दर्ता सम्वन्धमा | सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमको निवेदन | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | रु. १० को टिकट टाँस गरी पेश गर्नुपर्ने | ३ दिन | केन्द्र प्रमुख |

### २.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्र प्रमुख | प्रकाश लम्साल | सहसचिव (प्रा.) | |
| २ | कार्यक्रम तथा बजेट शाखा | यज्ञमूर्ति खनाल | उपसचिव (प्रा.) | |
| ३ | | विष्णुकुमारी अधिकारी | सहायक भू संरक्षण अधिकृत | |
| ४ | जलवायु व्यवस्थापन शाखा | | उपसचिव (प्रा.) | |
| ५ | | सुजस प्रसाद फुयाँल | सहायक वन अधिकृत | |
| ६ | दूर संवेदन तथा भू सुचना प्रणाली शाखा | शंकर अधिकारी | उपसचिव (प्रा.) | |
| ७ | | शान्ता काफ्ले | सहायक वन अधिकृत | |
| ८ | आर्थिक तथा प्रशासन शाखा | शुदर्शन उपाध्याय | लेखा अधिकृत | |
| ९ | | खेमराज घिमिरे | नायब सुब्बा | |

## ३. सम्पादन गरेको कामको विवरण

सम्पादन गरेको कार्यहरुलाइ समग्र र चौमासिक अनुसार प्रस्तुत गरिएको छ ।

### ३.१ समग्र प्रगति

यस केन्द्रको कार्यहरुलाइ समग्रमा प्रस्तुति गर्दा सान्दर्भिक हुने महसुस गरेर प्रस्तुति गरिएको छ ।

- नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धि अभिसन्धिको रेड प्लेटफर्ममा प्रकाशित भएको ।
- राष्ट्रिय रेडप्लस रणनीति (National REDD+ Strategy) (मा. मन्त्रीस्तरको मिति २०७५।०१।०६ को निर्णय अनुसार) स्वीकृत भएको ।
- वन लगानी योजना (Forest Investment Plan) तयार गरी विश्व बैंकको जलबायु लगानी कोषमा पेश गरेकोमा बि.स. २०७४ मंसिर २६ देखी २७ मा विश्व बैंकको प्रधान कार्यालय वाशिङटन डि.सी.मा बसेको जलबायु लगानी कोषको बैठकले उक्त लगानी योजना स्विकृत गरेको थियो ।यसै अनुरुप समृद्धिको लागि वन परियोजना दस्तावेजको तयार गरी पेश गरेको ।उक्त परियोजना विश्व बैंकको बोर्डबाट सन् २०२० को जुन महिनामा स्वीकृत भएको र नेपाल सरकारले समेत रूपान्तरणकारी आयोजनाको रूपमा समेटेको ।
- तराई भूपरिधि क्षेत्रका १३ जिल्लाका लागि कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document-ERPD) कार्वन कोषको पोर्टफोलियोमा समाबिष्ट गरिएको । रेड कार्यान्वयन केन्द्रबाट सञ्चालन गरिने कार्यहरु वार्षिक १३ जिल्लाहरुमा प्राथमिकतासाथ सञ्चालन भैरहेको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयारी भएको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको लाभांस बाँडफांड योजना तयार भएको।

- रेडप्लस कार्यक्रम अन्तरगत तराईका १३ जिल्लाहरुमा कार्यान्वयन भैरहेको Emission Reduction Program (ERP) बाट उत्सर्जन न्यूनीकरण र कार्वन संचिति बापत् प्राप्त हुने भुक्तानी सम्झौता Emissions Reduction Payment Agreement (ERPA) सन् २०२१ को फेब्रुअरी २४ का दिन नेपाल सरकार र विश्व बैंक विच सम्पन्न भएको ।
- रेडप्लस कार्यक्रमलाई टेवा पुर्याउने गरी तयार भएको सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयन गर्न नेपाल सरकार र विश्व बैंक विच मार्च १९, २०२१ को दिन सम्झौता भएको । यो कार्यक्रम लुम्बिनी प्रदेश र प्रदेश नं. २ का २५ – २५ वटा स्थानीय तहमा लागू हुनेछ ।

- **आ.व. २०७७।७८ मा यस केन्द्रबाट भएका मुख्य कार्यहरुको प्रगति निम्न बमोजिम रहेको छ ।**
  - नेपालका मुख्य प्रजातिहरूको Allometric equations तयार गर्न आवश्यक रूखका विभिन्न भागका नमुनाहरू प्रयोगशालामा विश्लेषण गर्न सो सँग सम्बन्धीत उपकरणहरू खरिद गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको माटो प्रयोगशालामा जडान गरिएको ।
  - वन अनुगमन प्रणाली सञ्चालन तथा सुदृढिकरण गर्ने प्रयोजनका लागि आर्क जिआइएस सफ्टवेयर तथा सो सँग सम्बन्धीत उपकरणहरू खरिद गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको जिआइएस प्रयोगशालामा जडान गरिएको ।
  - डिभिजन वन कार्यालय बर्दियासँगको समन्वयमा उक्त जिल्लाको विभिन्न स्थानका ९ हे. क्षेत्रफलको नदी उकास जग्गामा बाँस विरूवा खरिद गरी रोपण गरिएको ।
  - प्रदेश नं. २ का बारा, पर्सा, रौतहट जिल्लाका २० वटा स्थानीय तह र लुम्बिनी प्रदेशका नवलपरासी, रूपन्देही, पाल्पा, अर्घाखाँची, कपिलवस्तु जिल्लाका २० स्थानीय तहको भू उपयोग योजना तयार भएको ।
  - तराइका बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका समुदायमा आधारित वनको दिगो वन व्यवस्थापन योजना १७ वटा तयार भएको ।
  - डिभिजन वन कार्यालयहरूसँगको समन्वयमा विभिन्न जिल्लाका ६५ वटा सामुदायिक वनहरुको वन कार्ययोजनाहरु नवीकरण भएको ।
  - नेपालका मुख्य प्रजातिहरूको Allometric equations तयार गर्न Tree Selection Manual तयार भएको तथा Allometric equations तयारीको लागितयार भएको ।
  - नेपालका मुख्य प्रजातिहरूको Allometric equations तयार गर्न विभिन्न जिल्लाका विभिन्न प्रजातिका करिव ४०० वटा रूखहरू छनौट गरिएको ।
  - तराइका राष्ट्रिय निकुञ्ज तथा सो को सरोकारवालाहरूलाई जैविक विविधता अनुगमन सम्बन्धी पाँचवटा तालिम सम्बन्धित निकुञ्ज कार्यालयहरूसँग समन्वय गरी सञ्चालन गरेको ।
  - नेपाल राष्ट्रिय रेड प्लस रणनीति २०७५ बमोजिम राष्टिय रेड प्लस समन्वय समितिको दोश्रो बैठक बसेको ।

- रेडसँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणाको क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिएको ।
- रेड फोकल पर्सन तथा सरोकारवालाहरुको लागि रेडप्लस कार्यान्वयन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरेको ।
- जिआइएसको प्रयोग गरी वन कार्वन मापन तथा अनुगमन सम्बन्धी तालिम विभिन्न निकाय र तहमा कार्यरत वन प्राविधिकहरूलाई सञ्चालन गरिएको ।
- सुदूर पश्चिम प्रदेश अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी वन डढेलो व्यवस्थापन सम्बन्धी तालिम दार्चुला, डडेल्धुरा र कैलाली जिल्लामा तथा वन पैदावर संकलन व्यवस्थापन सम्बन्धी तालिम कञ्चनपुर जिल्लामा सञ्चालन भएको ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र रेड कार्यान्वयन केन्द्रका कर्मचारीहरूको Forest Biometrics सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एकवटा तालिम सञ्चालन भएको

## ३.२ वार्षिक प्रगति (आर्थिक वर्ष २०७७।७८को श्रावण देखी असार मसान्त सम्म)

- गत आ.व.को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत सम्झौता भई चालु आ.व.मा सम्पन्न भएको
    - कपिलवस्तु, दाङ, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका १७ वटा समुदायमा आधारित वनको दिगो वन व्यवस्थापन योजना तयार भएको ।
    - प्रदेश नं. २ र लुम्बिनी प्रदेशका ४० वटा स्थानीय तहहरूको भूउपयोग योजना तयारी कार्य सम्पन्न भएको ।
- आ.व.०७७।७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत निम्न बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न सेवा प्रदायक छनौट तथा सम्झौता गरी कार्य प्रकृया अगाडी बढेकोमा कोभिड १९ का कारण सिर्जित बन्दाबन्दीले स्थलगत कार्यहरू गर्न अवरोध भै कार्य जारी रहेका।
    - नेपालका प्रमुख १६ रूख प्रजातिको आयतन तथा बायोमास समिकरण तयार गर्ने कार्य (Preparation of Allometric Equations of 16 Major Species of Nepal) (सम्झौता भई कार्य अगाडी बढेकोमा खरिद प्रकृयामा समस्या आई हाल उक्त कार्य रद्द भएको)।
    - वन क्षेत्रमा हुने चरिचरण, वन डढेलो, चोरी कटानी, अवैध दाउरा संकलनबाट हुने कार्बन उत्सर्जन तथा दिगो वन व्यवस्थापन, वन विकासबाट हुने कार्वन सञ्चिति अभिवृद्धि र नेपालको वन क्षेत्रबाट हुने उत्सर्जनको आधार विन्दु (Forest Reference Level) अपडेट गर्ने कार्य चालु अवस्थामा रहेको ।
    - कपिलवस्तु, नवलपरासी (ब.सु.प) र रौतहट जिल्लाका ६ वटा समुदायमा आधारित वनको दिगो वन व्यवस्थापन योजना तयारीको लागि सम्झौता भै कार्य अगाडी बढेको (हाल उक्त खरिद प्रकृया स्थगन गरिएको) ।
    - समृद्विको लागि वन परियोजनाको आधार रेखा सर्वेक्षण (Baseline Survey of Forestry for Prosperity Project -FFPP) कार्य चालु रहेको ।

- राष्ट्रिय वन सुचना प्रणाली विकास गर्ने (Development of National Forest Information System - NFIS) कार्य चालु रहेको ।
- रेड सम्बन्धी सुरक्षाकवच सुचना प्रणाली विकास गर्ने (Development of Safeguard Information System - SIS) कार्य चालु रहेको ।

## ४. सूचना अधिकारी र प्रमुखको नाम

- केन्द्र प्रमुखः प्रकाश लम्साल, सह सचिव (प्रा.)
- सूचना अधिकारीः यज्ञमूर्ति खनाल, उप-सचिव (प्रा.),

  Email: yajnamurti@gmail.com, info@redd.gov.np

  फोनः ०१- ५३३९१२६

## ५. केन्द्रको बजेट सम्बन्धी विवरण

यस केन्द्रको आ. व. २०७७/०७८ को ब.उ.शि.न. ३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. २५,८१,५०,०००।- र ब.उ.शि.न. ३२९००१०२४ को पूँजिगत खर्च तर्फ विनियोजित बजेट रू. ३,९९,००,०००।- रहेको छ । जसमध्ये नेपाल सरकारको रु. १०६,००,०००।– र वैदेशिक अनुदान रु २८,७४,५०,०००।– रहेको छ ।

यस केन्द्रको चालु आ.व. ०७८।७९ को ब.उ.शि.न. ३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. १३,२१,००,०००।— रहेको छ । जसमध्ये नेपाल सरकारको रु. १८८,००,०००।– र वैदेशिक अनुदान रु ११,३३,००,०००।– रहेको छ ।

## ६. केन्द्रको आ.व. ०७७।७८ को प्रगति विवरण

यस केन्द्रको गत आ.व. ०७७।७८ को वार्षिक प्रगति सम्बन्धी विवरण तालिका १ मा दिइएको छ । साथै यस केन्द्रको २०७८ असार महिनाको खर्चको फाँटवारी अनुसुची १ मा राखिएको छ ।

तालिका नं १: केन्द्रको आ.व. ०७७।७८ को असार महिना सम्मको प्रगति

| कार्यक्रम/ आयोजना | वार्षिक (लाखमा) | | | | वितिय प्रगति प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | विनियोजन | | खर्च | | | |
| | चालु | पूँजीगत | चालु | पूँजीगत | | |
| रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २३५६.५ | ६२४ | ५०३.६ | १९३.४८ | २३.३८% | २३.३९% |

## ७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस केन्द्रका सूचनाहरु समय समयमा केन्द्रको website http://redd.gov.np/ मा राखे गरिएको तथा विभिन्न पुस्तक, पोस्टर, ब्रोसरका रुपमा प्रकाशित गर्ने गरिएको छ।

# अनुसुची १ २०७८ असार महिनाको खर्चको फाँटवारी

9/14/21, 4:35 PM

रेड कार्यान्वयन केन्द्र

कार्यालय कोड नं.: ३२९०१३५०३

दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण

२०७७/७८ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम[३२९००१०२४]

**कार्यालय / आयोजनाको नाम :**

**आयोजना रहेको स्थान :**

| दातृ निकाय | खर्च संकेत | स्रोतको | | शुरु बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | | थप | घट | | | | | |
| ३११२१ | सवारी साधन | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ०.०० | ८,०००,०००.०० | ०.०० | ८,०००,०००.०० | ७,७०९,४२३.०० | ७,७०९,४२३.०० | २९०,५७७.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी ऋण | ०.०० | २९,९००,०००.०० | २९,९००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ३,०००,०००.०० | ४५,९००,०००.०० | ०.०० | ४८,९००,०००.०० | १०,१४१,६३४.०० | १०,१४१,६३४.०० | ३८,७५८,३६६.०० | |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १,५००,०००.०० | ०.०० | १,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ५,५००,०००.०० | ०.०० | ०.०० | ५,५००,०००.०० | १,५००,०००.०० | १,५००,०००.०० | ४,०००,०००.०० | |
| जम्मा | | | | १०,०००,०००.०० | ८३,८००,०००.०० | ३१,४००,०००.०० | ६२,४००,०००.०० | १९,३५१,०५७.०० | १९,३५१,०५७.०० | ४३,०४८,९४३.०० | |

## रेड कार्यान्वयन केन्द्र

कार्यालय कोड नं.: ३२९०१३५०३

## दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७७/७८ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम[३२९००१०२३]

**कार्यालय / आयोजनाको नाम :**

**आयोजना रहेको स्थान :**

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरु बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | ६,१००,०००.०० | ०.०० | ०.०० | ६,१००,०००.०० | ५,१०२,५३३.३१ | ५,१०२,५३३.३१ | ९९७,४६६.६९ | |
| २११२१ | पोशाक | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ९०,०००.०० | ९०,०००.०० | १०,०००.०० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १९४,०००.०० | १९४,०००.०० | ६,०००.०० | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | ११७,०००.०० | ११७,०००.०० | ८३,०००.०० | |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ९८,०००.०० | २,०००.०० | १,८००.०० | १,८००.०० | २००.०० | |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ६०,०००.०० | ४०,०००.०० | ३८,८००.०० | ३८,८००.०० | १,२००.०० | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | ३००,०००.०० | ६०,०००.०० | ०.०० | ३६०,०००.०० | २९८,२८०.०० | २९८,२८०.०० | ६१,७२०.०० | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | २७,०००.०० | २७,०००.०० | १७३,०००.०० | |
| जम्मा | | | | २३०,६००,०००.०० | ६५,७५८,०००.०० | ६०,७०८,०००.०० | २३५,६५०,०००.०० | ५०,३३४,६०९.३१ | ५०,३३४,६०९.३१ | १८५,३१५,३९०.६९ | |

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरु बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२११२ | संचार महसुल | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | १८५,९९८.०० | १८५,९९८.०० | ३१४,००२.०० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४२०,०२४.०० | ४२०,०२४.०० | ७९,९७६.०० | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ३७७,१३९.०० | ३७७,१३९.०० | १२२,८६१.०० | |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ९८,०००.०० | ०.०० | ३९८,०००.०० | १६७,७५६.०० | १६७,७५६.०० | २३०,२४४.०० | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २९५,६१९.०० | २९५,६१९.०० | ४,३८१.०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | ८९९,९९२.०० | ८९९,९९२.०० | ८.०० | |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ६,१८६.०० | ६,१८६.०० | ९३,८१४.०० | |
| जम्मा | | | | २३०,६००,०००.०० | ६५,७५८,०००.०० | ६०,७०८,०००.०० | २३५,६५०,०००.०० | ५०,३३४,६०९.३१ | ५०,३३४,६०९.३१ | १८५,३१५,३९०.६९ | |

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरू बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १,०००,०००.०० | ०.०० | ०.०० | १,०००,०००.०० | ६७४,४७०.०० | ६७४,४७०.०० | ३२५,५३०.०० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२४११ | सेवा र परामर्श खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| २२४११ | सेवा र परामर्श खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी ऋण | ०.०० | २५,७५०,०००.०० | २५,७५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२४११ | सेवा र परामर्श खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १७२,४००,०००.०० | २५,७५०,०००.०० | ३३,०००,०००.०० | १६५,१५०,०००.०० | २९,५६६,६१७.०० | २९,५६६,६१७.०० | १३५,५८३,३८३.०० | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | १३६,१२५.०० | १३६,१२५.०० | १६३,८७५.०० | |
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | १,६००,०००.०० | ०.०० | ०.०० | १,६००,०००.०० | १,१६७,१८४.०० | १,१६७,१८४.०० | ४३२,८१६.०० | |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ७७,९४०.०० | ७७,९४०.०० | २२,०६०.०० | |
| २२५११ | कर्मचारी तालिम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी ऋण | ०.०० | १,८००,०००.०० | १,८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | २४,०००.०० | २४,०००.०० | ७६,०००.०० | |
| २२५११ | कर्मचारी तालिम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| जम्मा | | | | २३०,६००,०००.०० | ६५,७५८,०००.०० | ६०,७०८,०००.०० | २३५,६५०,०००.०० | ५०,३३४,६०९.३१ | ५०,३३४,६०९.३१ | १८५,३१५,३९०.६९ | |

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरु बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२५११ | कर्मचारी तालिम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ९,५००,०००.०० | १,८००,०००.०० | ०.०० | ११,३००,०००.०० | २,८६०,१२६.०० | २,८६०,१२६.०० | ८,४३९,८७४.०० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १२,६००,०००.०० | ०.०० | ०.०० | १२,६००,०००.०० | १,२४६,४४०.०० | १,२४६,४४०.०० | ११,३५३,५६०.०० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | |
| २२५२२ | कार्यक्रम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १४,९००,०००.०० | १०,५००,०००.०० | ०.०० | २५,४००,०००.०० | ५,७८५,०९२.०० | ५,७८५,०९२.०० | १९,६१४,९०८.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२५२२ | कार्यक्रम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ३७,९५०.०० | ३७,९५०.०० | १,१६२,०५०.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | |
| जम्मा | | | | २३०,६००,०००.०० | ६५,७५८,०००.०० | ६०,७०८,०००.०० | २३५,६५०,०००.०० | ५०,३३४,६०९.३१ | ५०,३३४,६०९.३१ | १८५,३१५,३९०.६९ | |

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरू बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ५,०००,०००.०० | ०.०० | ०.०० | ५,०००,०००.०० | २६४,८४५.०० | २६४,८४५.०० | ४,७३५,१५५.०० | |
| २२६१२ | भ्रमण खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | नगद अनुदान | | | | | ०.०० | ०.०० | | |
| २२७११ | विविध खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | २७१,६९३.०० | २७१,६९३.०० | १२८,३०७.०० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| जम्मा | | | | २३०,६००,०००.०० | ६५,७५८,०००.०० | ६०,७०८,०००.०० | २३५,६५०,०००.०० | ५०,३३४,६०९.३१ | ५०,३३४,६०९.३१ | १८५,३१५,३९०.६९ | |

**पेश गर्ने :-**

**हस्ताक्षर :-**

**नाम :-**

**दर्जा :-**